लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८७७०११
वेबसाइट: rolpa.akc.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८३/०८४
च.नं.:-

मिति: २०८३।०४।१२

## प्राङ्गारिक मल सम्बन्धी सूचना।
(सूचना प्रकाशन मितिः२०८३/०४/१२ गते)

कृषि उत्पादन वृद्धि तथा माटोको उर्वराशक्ति संरक्षणका लागि प्रयोग हुने प्राङ्गारिक मलको गुणस्तर, विक्री वितरण र प्रयोगलाई व्यवस्थित बनाउन तथा कृषकहरूको हित संरक्षण गर्न यो सूचना प्रकाशित गरिएको छ।

हाल विभिन्न निकायबाट मलको अभाव भएको अवस्थाको अवसर छोपेर केही कम्पनी तथा व्यवसायीहरूले गुणस्तरहीन मल विक्री वितरण गर्ने, तोकिएको मूल्यभन्दा वढी मूल्य लिने, उत्पादक वा आयातकर्ता नभई आफूलाई उत्पादक भनी भ्रामक प्रचार गर्ने, नेपाल सरकारवाट स्वीकृत भएको रसायनिक मल भनी झुटा दावी गर्ने तथा प्रचलित कानून विपरीत लेवलिङ र विक्री वितरण गर्ने गरेको जस्ता गुनासो तथा जानकारी प्राप्त भएकोमा यस कार्यालय, जिल्ला प्रशासन कार्यालय रोल्पा र पालिकाका कृषि विकास शाखाहरुवाट वेलावेलामा वजार अनुगमन भैरहेको वेहोरा अवगत नै छ।

विशेषगरी प्राङ्गारिक तथा जीवाणुमल निर्देशिका, २०७८ वमोजिम नेपालमा व्यावसायिक रूपमा प्राङ्गारिक तथा जीवाणुमल उत्पादन, पैठारी तथा विक्री वितरण गर्न सम्वन्धित निकायमा दर्ता, सूचीकृत वा स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको हुँदा त्यस्तो स्वीकृति विना उत्पादन, विक्री वितरण वा भ्रामक प्रचार प्रसार गर्नु कानून विपरीत हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

अतः नेपाल सरकारवाट अनुदान प्राप्त रासायनिक मलसँग मिल्दोजुल्दो नाम, प्याकेजिङ वा लेवल प्रयोग गरी कृषकलाई भ्रममा पार्ने, मल परिक्षण नगराउने, यथार्थ रेकर्ड नराखे तथा वढी मूल्यमा विक्री गर्ने जस्ता कार्य नगर्न/नगराउन सम्पूर्ण उत्पादक, आयातकर्ता, डिलर तथा विक्रेतालाई सुचित गरिन्छ।

यसरी कानून विपरीत हुने गरी कार्य गरेको पाइएमा प्रचलित कानून वमोजिम आवश्यक कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै कृषक महानुभावहरूलाई आधिकारिक विक्रेताबाट मात्र मल खरिद गर्न र खरिद गर्दा विल अनिवार्य लिन, लेवल, उत्पादक/आयातकर्ता तथा स्वीकृति र परिक्षण सम्वन्धी विवरण हेरेर मात्र मल खरिद गर्नुहुन अनुरोध गरिन्छ। गुणस्तरीय प्राङ्गारिक मलको सहज आपूर्ति, गुणस्तर तथा सन्तुलित प्रयोग सुनिश्चित गरी सुरक्षित, दिगो र उत्पादनमुखी कृषि प्रणाली अवलम्वन गर्न गराउन कृषि ज्ञान केन्द्र हार्दिक अनुरोध गर्दछ।

थप जानकारीका लागिः
नजिकको सम्वन्धित स्थानीय तहको कृषि विकास शाखा, माटो तथा मल परिक्षण प्रयोगशाला खजुरा वा कृषि ज्ञान केन्द्रमा सम्पर्क राख अनुरोध गरिन्छ।

२०८३/४/१२
महेन्द्र कुमार ओझा
कार्यालय प्रमुख
मुख्य कृषि अर्थ विज्ञ